**सूचनाको हकसम्बन्धी ऐन २०६४, को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

सूचना सार्वजनिक गर्ने निकायको नाम: लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, धुन्चे, रसुवा

सूचना सार्वजनिक गरेको अवधि : २०८१।०७।०१ देखि २०७८।०९।२९ सम्म

## १. लाङटाङ राष्ट्रिय निकुञ्जको स्वरुप र प्रकृति:

लाङटाङ राष्ट्रिय निकुञ्ज नेपालको दोस्रो ठूलो राष्ट्रिय निकुञ्ज हो। यो निकुञ्ज नेपालको संघीय राजधानी काठमाडौंबाट सबैभन्दा नजिकको हिमाली राष्ट्रिय निकुञ्ज समेत हो। वि. सं. २०३२ साल चैत्र ९ गते स्थापना भएको यस निकुञ्ज रसुवा (५७%), नुवाकोट (७%) र सिन्धुपाल्चोक (३६%) गरी १७१० वर्ग कि.मी. क्षेत्रमा फैलिएको छ। पदयात्राको लागि सगरमाथा राष्ट्रिय निकुञ्ज र अन्नपूर्ण संरक्षण क्षेत्र पछिको तेस्रो गन्तव्य स्थलको रुपमा परिचित रहेको यस निकुञ्ज नेपालको पहिलो हिमाली राष्ट्रिय निकुञ्ज समेत हो। वन्यजन्तु तथा वनस्पतिको प्रचुरताको आधारमा धेरैनै महत्वपूर्ण यस निकुञ्जमा लाङटाङ सल्लो, ठिङ्ग्रे सल्ला, डालेचुक, तालिसपत्र, साल, खोटे सल्ला, कटुस, गोब्रे सल्ला, धुपी सल्ला, ओखर, खसु, भोजपत्र, गुराँस लगायत १०००/- भन्दा बढी प्रजातिका वनस्पतिहरु र रेड पाण्डा, कस्तुरी मृग, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, सालक, चरी बाघ, आसामी रातो बाँदर, लङ्गुर बाँदर, थार, घोरल, हिमाली कालो भालु जस्ता दुर्लभ तथा महत्वपूर्ण वन्यजन्तुहरु समेत पाइन्छन्। निकुञ्जको प्रभावित क्षेत्रलाई समेटेर वि. सं. २०५५ साल बैशाख १४ गते ४१८ वर्ग कि.मी. निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा भएको हो। निकुञ्ज क्षेत्रमा हुने वन पैदावारको चापलाई न्यूनिकरण गर्न र निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको प्राकृतिक श्रोतहरूको उचित व्यवस्थापनको लागि निकुञ्ज अन्तर्गत २१ वटा मध्यवर्ती क्षेत्र उपभोक्ता समिति र १९१ वटा मध्यवर्ती क्षेत्र उपभोक्ता समूहरु नुवाकोट, रसुवा र सिन्धुपाल्चोक गरी तीन जिल्लामा गठन भएका छन्। निकुञ्ज कार्यालयले वन्यजन्तु संरक्षण, यिनिहरुको वासस्थानको व्यबस्थापन साथै मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापन कार्य गर्दै आईरहेको छ।

## २. निकुञ्ज कार्यालयको काम, कर्तव्य र अधिकार :

- वन्यजन्तु र यिनिहरुको वासस्थानको संरक्षण र व्यवस्थापन गर्ने।
- नियमित रुपमा गस्ति परीचालन गर्ने र चोरी शिकारी नियन्त्रण गर्ने।
- वन्यजन्तु उद्दार, उपचार साथै पुनर्स्थापना गर्ने।
- मध्यवर्ती क्षेत्रको संरक्षण, व्यबस्थापन साथै तँहा बसोवास गर्ने स्थानिय जनताका विभिन्न माग सम्बोधन, आवश्यक्ता पहिचान र सुरक्षाको सुनिश्चिता गर्ने।
- मानव वन्यजन्तु द्वन्द न्युनिकरण गर्ने र द्वन्द भई हालेको खण्डमा छिटो छरितो रुपमा कर्मचारी परिचालन गरी वस्तुस्थितिको बारे जानकारी लिई पीडित जनताको माग सम्बोधन गर्ने र राहत उपलब्ध गराउने।
- वन्यजन्तुहरुको अवस्थाको वारेमा जनाकारी लिई विवरण अद्यावधिक गर्ने।
- निकुञ्ज र मध्यवर्ती क्षेत्रमा भए गरेका गैरकानुनी कार्यहरुको सम्बन्धमा दोषी पत्ता लगाई कानून बमोजिम सजाय गर्ने
- अध्ययन अनुसन्धान गर्ने गराउने।
- कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन तथा निरीक्षण गर्ने।

## ३. लाङटाङ राष्ट्रिय निकुञ्जमा रहेका कर्मचारीहरुको दरवन्दि चार्टः

अनुसूची-२ क ४
नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
लाङटाङ राष्ट्रिय निकुन्जको प्रस्तावित दरबन्दी तेरिज

| सि. न. | पद नाम | श्रेणी | सेवा | समुह /उपसमूह | मौजुदा दरबन्दी | प्रस्तावित | | कुल कायम हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थप | घट | |
| १ | प्रमुख संरक्षण अधिकृत | रा.प्र.दितिय | वन | ने.पा.वा.ला. | १ | | | १ |
| २ | सहायक संरक्षण अधिकृत | रा.प.तृतीय | वन | ने.पा.वा.ला. | ३ | | | ३ |
| ३ | रेन्जर | रा.प.अन.प्र. | वन | ने.पा.वा.ला. | ५ | ४ | | ९ |
| ४ | कम्प्युटर अपरेटर | रा.प.अन.प्र. | विविध | विविध | | १ | | १ |
| ५ | नायव सुब्बा | रा.प.अन.प्र. | प्रशासन | सा.प्र. | ३ | | २ | १ |
| ६ | लेखापाल | रा.प.अन.प्र. | प्रशासन | लेखा | १ | | | १ |
| ७ | टाईपिष्ट | रा.प.अन.प्र. | प्रशासन | सा.प्र. | १ | | १ | |
| ८ | खरिदार | रा.प.अन.दि. | प्रशासन | सा.प्र. | १ | ३ | | ४ |
| ९ | सहलेखापाल | रा.प.अन.दि. | प्रशासन | लेखा | | १ | | १ |
| १० | सिनियर गेमस्काउट | रा.प.अन.दि. | वन | ने.पा.वा.ला. | | १४ | | १४ |
| ११ | सिनियर गेमस्काउट | रा.प.अन.च. | वन | ने.पा.वा.ला. | ९ | | ५ | ४ |
| १२ | गेमस्काउट | श्रेणी विहिन | वन | ने.पा.वा.ला. | ४७ | ७ | | ५४ |
| १३ | कार्यालय सहयोगी** | श्रेणी विहिन | प्रशासन | सा.प्र. | | १ | | १ |
| १४ | सयस | श्रेणी विहिन | प्रशासन | सा.प्र. | १ | | १ | |
| १५ | हलुका सवारी चालक ** | श्रेणी विहिन | इन्जी. | मेकानिकल | १ | १ | | २ |
| | जम्माः | | | | ७३ | ३२ | ९ | ९६ |

** सेवा करारबाट काम लिइने /

सचिव

४. निकुञ्जबाट प्रदान गरिने सेवा तथा नागरिक वडापत्र:

## लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय

**धुन्चे, रसुवा**

# नागरिक वडापत्र

| क्र.सं. | कार्यालयबाट प्रदान गरिने सेवाहरु | | सेवा लिन चाहनेले पेश गर्नु पर्ने कागजातहरु | सेवा दिने शाखा तथा फाँट | सेवा लिन लाग्ने शूल्क (राजश्व) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क) निकुञ्ज प्रवेश शुल्क | नेपाली | परिचय खुल्ने प्रमाण पत्र | योजना/ राजश्व | प्रति व्यक्ति रु. १००।- | १० वर्ष मुनिका बालबालिकालाई प्रवेश निशुल्क। |
| | | सार्क | पासपोर्टको फोटोकपी | | प्रति व्यक्ति रु. १५००।- | |
| | | विदेशी | पासपोर्टको फोटोकपी | | प्रति व्यक्ति रु. ३०००।- | |
| | | भरीया | परिचय खुल्ने प्रमाण पत्र | | प्रति व्यक्ति रु. २५ ।- | |
| | ख) हेलिकप्टर अवतरण | | अवतरण अनुमती पत्र | | प्रति पटक रु. ३०००।- | |
| २ | तारेख दिने | | तारेख पर्चा | मुद्दा | | |
| ३ | वकपत्र वयान गर्ने | | परिचय खुल्ने परिचय पत्र | मुद्दा | | |
| ४ | जरिवाना /धरौटी दाखिला | | | लेखा र मुद्दा | नियमानुसार | |
| ५ | थुनुवा भेटघाट | | नाता खुल्ने प्रमाण पत्र | मुद्दा | अनुसान्धान अधिकृतको अनुमति | |
| ६ | पेशिको जानकारी | | | मुद्दा | | |
| ७ | निकुञ्ज/मध्यवर्ती क्षेत्रको कार्याक्रमहरु तथा योजनाहरुको जानकारी | | | योजना/ मध्यवर्ती | निशुल्क | |
| ८ | अध्ययन अनुसन्धान अनुमति | | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको अनुमति पत्र, प्रस्तावना र निवेदन | योजना | निशुल्क | |
| ९ | निशुल्क निकुञ्ज प्रवेश अनुमति | | मन्त्रालय/विभाग/जिल्ला स्थित सरकारी कार्यालयहरुको आधिकारिक पत्र, अध्ययन भ्रमणको लागि सम्बन्धित शैक्षिक संस्थाको आधिकारिक पत्र | योजना | निशुल्क | |
| १० | विल भुक्तानी लगायतका आर्थिक कारोबार | | प्रकृया पुरा भएका विल भर्पाईहरु | लेखा | निशुल्क | |
| ११ | वन्यजन्तुबाट हुने क्षेतिको राहत वितरण | मानिस मृत्यु | वन्यजन्तुबाट हुने क्षेतिको राहत सहयोग निर्देशिका, २०८० मा उल्लेखित कागजातहरु | मध्यवर्ती र लेखा | निशुल्क | |
| | | मानिस घाईते | | | | |
| | | पशुधन क्षेति | | | | |
| | | खाद्यन्न बाली क्षेति | | | | |
| | | घरगोठ क्षेति | | | | |
| | | भणडारण गरेको अन्नको क्षेति | | | | |
| १२ | मध्यवर्ती सामुदायिक वनको विधान/कार्ययोजना दर्ता/हस्तान्तरण | | सम्बन्धित उपभोक्ता समितिको सिफारिस, मध्यवर्ती सामुदायिक वनको निर्णय सहितको कागजातहरु र निवेदन | मध्यवर्ती | निशुल्क | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | मध्यवर्ती धार्मिक वनको विधान/कार्यायोजना दर्ता/हस्तान्तरण | | सम्बन्धित उपभोक्ता समितिको सिफारिस, मध्यवर्तीधार्मिक वनको निर्णय सहितको कागजातहरु र निवेदन | मध्यवर्ती | निशुल्क | |
| १४ | मध्यवर्ती क्षेत्रमा उद्योग दर्ता | | मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र संचालन) मापदण्ड २०८० मा उल्लेखित कागजातहरु तथा संबन्धित व्यक्ति वा फर्मको निवेदन | मध्यवर्ती | निशुल्क | |
| १५ | नदिजन्य निर्माण सामाग्रीको संकलन अनुमति | ढुङ्गा | संबन्धित स्थानिय निकाय र उपभोक्ता समितिको सिफारिस र निवेदन, विकास निर्माणको कामकाजको हकमा ईष्टिमेट र निर्माण उपभोक्ता समितिको निर्णय सहितका कागजातहरु समेत | मध्यवर्ती र लेखा | प्रति घ.फि.रु.१०।- | तोकिएको शुल्कको थप १३% मु.अ.कर समेत लाग्नेछ। |
| | | बालुवा | | | प्रति घ.फि.रु.७।- | |
| | | गिट्टी | | | प्रति घ.फि.रु.९।- | |
| १६ | मध्यवर्ती क्षेत्र भित्र विकास निर्माण कार्यका लागि अनुमति | | संबन्धित स्थानिय निकाय र उपभोक्ता समितिको सिफारिस र निवेदन , विकास निर्माणको कामकाजको हकमा ईष्टिमेट र निर्माण उपभोक्ता समितिको निर्णय सहितका कागजातहरु समेत | मध्यवर्ती | निशुल्क | |
| १७ | नम्बरी आवादीका रुख कटान मछानका लागि अनुमति | | जग्गाधनी लालपुर्जा, जग्गाधनिको नागरिता र तिरो तिरेको रसिदको प्रतिलिपी, नक्सा, स्थानिय निकाय र उपभोक्ता समितिको सिफारिस सहितको निवेदन | मध्यवर्ती | निशुल्क | स्थानान्तरण अनुमाति लिन नियमानुसार लाग्ने मु.अ.कर दाखिला गर्नु पर्नेछ। |
| १८ | काठ पुर्जी प्राप्त गर्ने | | सम्बन्धित पोष्ट तथा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सिफारिस | मध्यवर्ती | १) गोब्रे सल्ला प्रति घन फिट (ए) रु.२००/- (बी)-रु.१००/- | तोकिएको शुल्कको थप १३% मु.अ.कर समेत लाग्नेछ। |

**द्रस्टव्य**

*१. माथी उल्लेखित दस्तुरहरुमा कैफियतमा उल्लेख गरिएको बाहेक सबैमा मु.अ.कर समेत समावेश गरिएको छ।*

*२. यस कार्यालयबाट सम्पादित काम कारवाही प्रति गुनासो भएमा सुझाव पेटिकामा लिखित सुझाव वा तल उल्लेखित फोन नं.मा सम्पर्क गरि सुझाव दिन सकिने छ ।*

*३. रितपुर्वक प्रवेश पत्र प्राप्त गरेका बाहेक अन्यलाई निकुञ्ज प्रवेश गर्न दिईने छैन।*

*४. अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।*

***सम्पर्क नं.: कार्यालय-०१०-५४०२१९, सुचना अधिकारी-९८६३१९५१०५***

***ईमेल:* lamtangnp2032@gmail.com, langtangnationalpark@gmail.com**

***वेबसाईट:* https://langtangnationalpark.gov.np**

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकार

यस निकुञ्जसंग सम्बन्धित नीतिगत निर्णयहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट हुने गर्दछ। आर्थिक, प्रशासनिक तथा अन्य निर्णय यस कार्यालयका वरिष्ठ संरक्षण अधिकृतबाट हुने गर्दछ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक
- निकुञ्जको बरिष्ठ संरक्षण अधिकृत

७. कार्यालयले सम्पादन गरेको कामको विवरण

क) योजना शाखाबाट भएका कार्यहरुको विवरण

| क्र.सं. | क्रियाकलाप | कार्तिक देखि पुष मसान्त सम्मको प्रगति | कैफियत |
|---|---|---|---|
| १ | सरोकारवालाहरुसंगको अन्तर्कियार समन्वय | २ वटा गोष्ठी सम्पन्न भएको | |
| २ | लाङटाङ राष्ट्रिय निकुन्ज कार्यालयका पोष्ट प्रमुखहरुको अन्तरक्रिया | १ वटा अन्तरक्रिया कार्य सम्पन्न भएको | |
| ३ | मेसजाली सहित तारबार निर्माण | १ कि.मी. | सम्झौता |
| ४ | पर्यटक पदमार्ग मर्मत तथा स्तरउन्नति | ३ कि.मी. | सम्झौता |
| ५ | चोरी शिकार नियन्त्रण स्विप अपरेसन | ४० वटा स्विप अपरेसन संञ्चालन गरिएको | |
| ६ | चोरी शिकार नियन्त्रणका लागि संयुक्त गस्ती | ४५५ वटा संचालन गरिएको। | |

- यस निकुञ्जको मासिक तथा त्रैमासिक प्रतिवेदन तयार गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाइएको ।

ख) मध्यवर्ती तथा अनुगमन शाखा

- आ.व. २०८१/२०८२ को कार्तिक देखि पुष मसान्त सम्ममा वन्यजन्तुबाट हुने क्षति तथा राहत वितरणको विवरण

| क्र. सं. | क्षतिको किसिम | उपलब्ध गराइएको रहात (रु) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्तिक | मंसिर | पुष | जम्मा | |
| १ | मानिस मृत्यु | | | | | |
| २ | सख्त घाईते | | | | | |
| ३ | सामान्य घाइते | | | | | |
| ४ | पशुधन क्षति | | १०००० | ३७००० | ४७००० | |
| ५ | अन्नवाली क्षति | | १५९०० | १६४२५० | १८०१४० | |
| ६ | घर गोठ क्षति | | | | | |
| ७ | भण्डारण गरेको अन्न क्षति | | | | | |
| | जम्मा | | **१६९५००** | **२०१२५०** | **२२७१४०** | |

ग) मुद्दा शाखा

यस निकुञ्जको मुद्धा शाखामा प्रथम चौमासिकमा दायर गरी अनुसन्धान सम्पन्न गरीएको मुद्धाको विवरण यसप्रकार रहेको छ।

| क्र. सं. | मुद्धा दायरी नं. | दायरी मिति | मुद्धा | प्रतिवादी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०८१ | २०८१।०४।१८ | अवैध रुपमा यार्सागुम्वा ओसारपसार | १ | |
| २ | २/२०८१ | २०८१।०५।५ | अवैध रुपमा आखेटोपहार (चितुवाको दाँत) ओसारपसार | ४ | |
| ३ | ३/२०८१ | २०८१।०५।६ | विभिन्न प्रजातिका काठहरु हराई हानि नोक्सानी गरेको | १ | |
| ४ | ४/२०८१ | २०८१।०६।१० | अवैध रुपमा डाँफे मारेको | १ | |
| जम्मा मुद्दा दर्ता संख्या ४ वटा | | | प्रतिवादी संख्या | ०७ | |

८. सूचना अधिकारी र प्रमुखको नाम तथा पद

कार्यालय प्रमुखः श्री श्याम कुमार शाह

पदः बरिष्ठ संरक्षण अधिकृत

सूचना अधिकारीः श्री गणेश प्रसाद तिवारी

पदः संरक्षण अधिकृत

९. ऐन, नियम, नीति, रणनीतिहरु तथा निर्देशिकाको सुची

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- वन ऐन, २०७६ र नियमावली २०७९
- वातावरण ऐन, २०७६ र नियमावली २०७७
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५३
- संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एंव सञ्चालनसम्बन्धी कार्यनीति, २०६५
- वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८

- वन्यजन्तुबाट हुनेक्षतिको राहत सहयोग निर्देशिका, २०८०
- मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८०
- वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३
- पुर्वाधार निर्मणका लागि जगग उपलबध समबन्धी कार्यविधि, २०८०

१०. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण

आ.व. २०८१/२०८२ को साउन देखि पुष महिना सम्मको विभिन्न शीर्षकबाट उठेको राजश्व

| सि न | राजश्व शिर्षक | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १४१४१ | सरकारी सम्पतीको बहालबाट प्राप्त आय | १५४३१११।१७ | |
| २ | १४१७१ | पर्यटन शुल्क | १९२४४३०५।६३ | |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २७००० | |
| ४ | १४२६५ | अन्य क्षेत्रको आय | ७७७९२ | |
| ५ | १४३११ | न्यायिक दण्ड जरीवाना र जफत | ३०६७४४ | |
| ६ | १५१११ | बेरुजु | ५७०८ | |
| ७ | ३३३६१ | वन क्षेत्रको रोयल्टी | ८५९५३९।७१ | |
| | **जम्मा** | | **२२०६४२०८।५१** | |

पर्यटक विवरण

| सि न | महिना | कुल नेपाली | | कुल सार्क बिदेशी | | कुल अन्य बिदेशी | | कुल पर्यटक | | कुल पर्यटक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | कार्तिक | १४६० | २९२२ | ३७ | ६३ | १२४२ | १३३६ | २७३९ | ४३२१ | ७०६० |
| २ | मार्ग | ४७९ | १३०७ | १२ | ६० | ५४५ | ६९३ | १०३६ | २०६० | ३०९६ |
| ३ | पौष | १४४ | ५५२ | १३ | ४३ | १९७ | २६१ | ३५४ | ८५६ | १२१० |
| जम्मा | | **२०८३** | **४७८१** | **६२** | **१६६** | **१९८४** | **२२९०** | **४१२९** | **७२३७** | **११३६६** |

११. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

बार्षिक प्रतिवेदन संलग्न छ।

१२. विभिन्न कारणले यस निकुञ्ज क्षेत्रभित्र आ.व.२०८१/०८२ को कार्तिक देखि पुष महिना सम्ममा मृत्यु भएका वन्यजन्तु सम्बन्धी विवरण

| क्र.सं. | मिति | घटना भएको ईलाका | प्रजाति | संख्या | तौल (के.जी.) | लिङ्ग | उमेर (वर्ष) | मृत्यु हुनको कारण | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |

१३. यस निकुञ्ज क्षेत्रभित्र आ.व.२०८१/०८२ को साउन देखि पुष महिनामा घाइते तथा उद्दार गरिएका वन्यजन्तु सम्बन्धी विवरण

| क्र.सं. | उद्दार गर्ने कार्यालाय/सेक्टर/पोष्टको नाम | प्रजाति | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | हे क्वा | निर विरालो | १ | गोसाईकुण्ड गा पा ६ धुन्चे रसुवा |
| २ | हे क्वा | थार | १ | गोसाईकुण्ड गा पा ६ धुन्चे रसुवा |
| ३ | हेलम्बु सेक्टर कार्यालय | रतुवा | १ | हेलम्बु गा पा १ सिन्धुपाल्चोक |

१४. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र तयस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

यस निकुञ्जका शाखा तथा फाँटहरुबाट सम्पन्न भएका वन्यजन्तु अपराध, वन्यजन्तु मृत्यु, घाइते, उद्धार, वन्यजन्तुबाट भएको क्षति, पर्यटक भ्रमण संख्या, राजश्व संकलन, कार्यक्रम तथा आयोजनाको तथ्याङ्क अध्ययन अनुसन्धान अनुमति, मध्यवर्ती क्षेत्रमा सेवा सञ्चालन अनुमति, अवलोकन भ्रमण अनुमति तथा प्रशासनिक कार्य जस्ता अन्य नियमित कार्यहरुको विवरण सम्बन्धी शाखाहरुमा नै सुरक्षित गरी राखिएको छ।

१५. सार्वजनिक  निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

विभिन्न संघ संस्था, निकाय, सरकारी कार्यालय, विश्व विद्यालयका विद्यार्थी तथा सेवाग्राही एवं पत्रकारहरुबाट माग भएका सूचना, जानकारी उपलब्ध गराइएको छ। निकुञ्जबाट प्रकाशित प्रकाशनहरु निशुल्करुपमा वितरण गर्ने गरिएको छ। यसका साथै विभिन्न प्रकाशन, सूचना तथा सूचनाको **softcopy** (छाँयापत्र)  माग भए बमोजिम उपलब्ध गराउने गरिएको छ।

१६. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सो को विवरण

यस निकुञ्जका प्रकाशन, नियमावली तथा अन्य सार्वजनिक गर्नुपर्ने सम्पूर्ण सूचनाहरु यस निकुञ्जको वेभसाइटमा तथा फेसबुक पेजमा प्रकाशित छन् ।

पुनश्चः उल्लेखित संक्षिप्त रुपमा सार्वजनिक गरिएको सूचना, जानकारी, तथ्याङ्क र विवरणलाई सकेसम्म शुद्धता र बोधगम्यरुपमा प्रस्तुत गर्न प्रयास गरिएको छ । कहिँ कतै भूल त्रुटी भए श्रद्धेय पाठकहरुको सुझावको आधारमा समय सापेक्ष सुधार गरी अध्यावधिक गरिने प्रतिबद्धता जाहेर गर्दछौं ।

।।। जय संरक्षण ।।।